IME GENERAL INSURANCE

IME General Insurance Limited
Narayan Chaur, Naxal, Kathmandu
+977 1 4511510, Toll Free No.: 16600179353
4511736 (Fax)
info@iginepal.com
www.iginepal.com

च.नं. ००५३-२०७८/०७९

मिति : २०७८/१०/२०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं ।

विषयः हकप्रद शेयर निष्काशन प्रयोजनार्थ शेयरधनी दाखिला खारेज बन्द हुने सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७८/०१/१२ गते बसेको २३ सौं बार्षिक साधारण सभाबाट पारित निर्णय अनुसार चुक्ता पूँजीको १०:४ अनुपातमा हकप्रद शेयर निष्कासनका लागि नेपाल धितोपत्र बोर्डबाट मिति २०७८/१०/०६ गतेको पत्र मार्फत "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरू" स्वीकृती प्राप्त भए बमोजिम हकप्रद शेयर निष्काशन प्रयोजनार्थ मिति २०७८/११/०१ गते एक (१) दिन शेयरधनी दाखिला खारेज बन्द रहने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौ ।

शेयरधनी दाखिला खारेज बन्द रहने सम्बन्धी सूचना मिति २०७८/१०/२१ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित हुन गैरहेको हुँदा तहाँको जानकारीका लागि उक्त सूचनाको कपि थान १ यसै साथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध गर्दछौ ।

भवदीय,

आइएमई जनरल इन्स्योरेन्स लि. काठमाडौं

....
उमा जोशी
कम्पनी सचिव
तथा
प्रमुख, कानुन विभाग

बोधार्थ
श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपूर ।

श्री बीमा समिति
कुपण्डोल, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
रामशाहपथ, पुतलीसडक, काठमाडौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।

श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड
लक्ष्मणबाबु भवन, नक्साल ।

IGI

आइएमई जनरल इन्स्योरेन्स लि.

प्रधान कार्यालय, नारायणचोर, नक्साल, काठमाडौं।
फोन नम्बर: ४५११५१०, ४५११५२०, ४५२५५०८, ४५२५५०९, ४५११७३५
Email: info@iginepal.com | Website: www.iginepal.com

हकप्रद शेयर निष्काशन प्रयोजनार्थ शेयरधनी दाखिला खारेज बन्द हुने सम्बन्धी सूचना।

यस आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको मिति २०७८/०१/१२ गते बसेको २३औं बार्षिक साधारण सभाबाट पारित निर्णयानुसार चुक्ता पूँजीको १०:४ अनुपातमा हकप्रद शेयर निष्काशन प्रयोजनका लागी मिति २०७८/११/०१ गते एक (१) दिन शेयरधनी दाखिल खारेज बन्द गरिने व्यहोरा शेयरधनीहरू लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

दाखिल खारेज बन्द भएको अघिल्लो दिनसम्म अर्थात २०७८/१०/२८ गते सम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई दाखिल खारेज बन्द भएको मितिले तीन (३) कार्य दिनभित्र कायम शेयरधनीहरूले मात्र यस हकप्रद शेयरका लागि दरखास्त दिन सक्नु हुने भएको हुनाले सम्बन्धित सबै शेयरधनी तथा खरिदकर्ताहरूले सोही अनुसार शेयर नामसारी गर्नुहुन अनुरोध छ।

साथै खरिदकर्ता दलाल सदस्यहरूले पनि यसै सूचनालाई आधारमानी CM Pool Account मा शेयर नराखि सम्वन्धित खरिदकर्ता शेयरधनीहरूको हितग्राही खातामा शेयर Transfer गरि सहयोग गरि दिनु हुन बिनम्र अनुरोध छ। अन्यथा सो को जिम्मेवार यस कम्पनी/शेयर रजिष्ट्रार नहुने व्यहोरा समेत अनुरोध छ।

मिति २०७८/१०/२१ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित